जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १६८ पृष्ठः ४ २०८२ कार्तिक ०६ गते बुधबार (Thursday 23 October 2025) मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com

जानकी मन्दिरको पवित्रता भंग गर्ने कार्य अत्यन्त निन्दनीय : महन्त रामरोशन दास

जनकपुर, ५ कार्तिक। जनकपुरधामको जानकी मन्दिरमा यस वर्षको दीपावलीको रात श्रद्धाभावभन्दा बढी होहल्ला, धुवाँ र पटाकाको आवाजले गुञ्जिएको देखियो। धार्मिक आस्थाको केन्द्र मानिने यो पवित्र स्थलभित्र सयौँ युवाहरूले आतिशबाजी गर्दै रमिता मच्चाएको दृश्यले स्थानीय, श्रद्धालु र धार्मिक अगुवाहरूलाई स्तब्ध बनाएको छ। मन्दिर परिसरमा धुवाँ र बारुदको गन्धले भरिएको वातावरण, ठूलो आवाज र भीडले श्रद्धा र भक्ति झल्किनुपर्ने ठाउँमा असहजता र अशान्ति ल्याएको स्थानीयहरू बताउँछन्। मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै भने, जानकी मन्दिर केवल ईंट र ढुंगाको संरचना मात्र नभई यो जनकपुरवासीको आत्मा हो। यहाँ भक्ति, शान्ति र मर्यादा रहनु पर्छ, बारुद र पटाकाको आवाज होइन। मन्दिरको पवित्रता भंग गर्ने यस्तो कार्य अत्यन्त निन्दनीय र दुःखदायक छ।'

महन्त दासका अनुसार पछिल्ला वर्षहरूमा दीपावलीको रातमा मन्दिर परिसरभित्र युवाहरूको भीड, पटाका पड्काउने, नाचगान र फोटोसेसनको प्रवृत्ति बढ्दै गएको

–बाँकी तीन पेजमा

तोकिएकै मितिमा निर्वाचन हुनुपर्छ : प्रचण्ड

जनकपुर, ५ कार्तिक। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मुलुकमा अझै निर्वाचनको वातावरण निर्माण हुन नसकेको बताएका छन्। महोत्तरीमा आयोजित हुने एक कार्यक्रममा सहभागी हुनकालागि जनकपुरधाम आइपुगेका पूर्व प्रधानमन्त्री प्रचण्डले मुलुक निर्वाचनमा केन्द्रित हुनुपर्ने समयमा अझै निर्वाचनको वातावरण निर्माण हुन नसकेको बताए। उनले अन्तरिम सरकारले राजनीतिक दलहरुसंग छलफल प्रकृया अगाडी बढाएर केही तयारी शुरु गरेको जस्तो लागेपनि निर्वाचनकालागि अझै गम्भीर हुनु आवश्यक रहेको बताए। सरकारले तोकिएकै मितिमा निर्वाचन गराउनका लागि गम्भीर हुनुपर्ने उनको भनाई थियो। संचारकर्मीहरुसंग कुराकानी गर्दै प्रचण्डले समाजवादी मोर्चा भित्र रहेका दलहरु एकता प्रकृयालाई अगाडी बढाई सकेको र छठपछि मुलुकमा नयाँ परस्थितिको निर्माण हुने दावी गरे।

चुनावको वातावरण बनाउन सरकार कटिबद्ध छ : प्रधानमन्त्री

काठमाडौं, ५ कार्तिक। प्रधानमन्त्री सुशीला कार्कीले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचन भयरहित र स्वतन्त्र वातावरणमा सम्पन्न गर्न सरकार पूर्ण रूपमा कटिबद्ध रहेको बताएकी छन्। नेपाल संवत् ११४६ न्हूदँ समारोह समितिद्वारा बुधबार ललितपुरको मंगलबजारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले भनिन्, 'लोकतान्त्रिक सबलीकरण, आर्थिक समृद्धि र नागरिक अधिकारको रक्षा गर्न आगामी फागुन २१ गते हुने निर्वाचनमा नेपाली जनतालाई भयरहित ढंगले मताधिकार प्रयोग गर्ने वातावरण बनाउन सरकार कटिबद्ध छ।'

प्रधानमन्त्रीले संविधानको अधीनमा रही सुशासनको आवाजलाई सम्बोधन गर्ने जिम्मेवारी सरकारले लिएको उल्लेख गर्दै सबै राजनीतिक दल, वर्ग, समूह र समुदायको सहकार्यबिना यो कार्य सफल नहुने बताइन्। उनले भनिन्, 'यसका लागि समाजका सबै तह, तप्का र वर्ग समुदायको उत्तिकै भूमिका हुन्छ। आउनुहोस्, यसमा सहकार्य गरौँ र सचेत नागरिकको भूमिका निर्वाह गरौँ।' कार्यक्रममा प्रधानमन्त्री कार्कीले नेपाल संवतका प्रवर्तक शंखधर साख्वाःप्रति श्रद्धासुमन अर्पण गर्दै नेपाल संवत् नेपाली गौरव, सभ्यता र परोपकारको प्रतीक भएको बताइन्। उनले शंखधर साख्वाःले व्यक्तिगत हितभन्दा माथि उठेर समाजका निमुखा र ऋणग्रस्त जनतालाई राहत दिएको ऐतिहासिक कार्यबाट आजका दिनमा पनि प्रेरणा लिन सकिने बताइन्।

नेपाल संवत् ११४६ न्हूदँ समारोह समितिको कार्यक्रम, मंगलबजारमा प्रधानमन्त्री सुशीला कार्कीले दिएको मन्तव्यको पूर्णपाठ

नेपाल संवत् ११४६ न्हूदँ समारोह समितिको यस कार्यक्रममा मलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरेकोमा आयोजकलाई हार्दिक आभार व्यक्त गर्दछु। र नेपाल संवतका प्रवर्तक शंखधर साख्वाःप्रति श्रद्धासुमन अर्पण गर्न

–बाँकी तीन पेजमा

संघीयता र समावेशिताप्रति सरकार गम्भीर हुनुपर्छ : जनमत

काठमाडौँ, ५ कार्तिक। प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि गठन भएको अन्तरिम सरकार संघीयता र समावेशिताप्रति गम्भीर हुनुपर्ने जनमत पार्टीले बताएको छ। प्रधानमन्त्री सुशीला कार्कीले मंगलबार साँझ बालुवाटारमा बोलाएको दलहरूसँगको छलफलमा जनमतका नेता चन्दनकुमार सिंहले सरकार संघीयता र समावेशिताप्रति गम्भीर बन्नुपर्ने बताएका हुन्।

संघीयता र समावेशी व्यवस्थाप्रति नकरात्मक धारणा बनाउन खोजिएको भन्दै सिंहले प्रधानमन्त्री कार्कीलाई गम्भीर बन्न आग्रह गरेका हुन्। 'संघीयताप्रति नकरात्मक धारणा बनाउने, समावेशिताप्रति नकरात्मक प्रभाव परिरहेको छ। केही नेताहरूले संघीयताप्रति विष बमन गरिरहेका छन्,' सिंहले भने, 'संघीयता र समावेशिताप्रति गम्भीर बन्न प्रधानमन्त्रीलाई आग्रह गरेको छु।' शान्तिसुरक्षाको प्रत्याभूति नभइरहेको बेला सरकारले नेताहरूको सुरक्षामा खटिएका सुरक्षाकर्मी फिर्ता बोलाएकोप्रति पनि सिंहले प्रश्न गरेका थिए। 'हाम्रो अध्यक्षसहित सबै पार्टीका नेताहरूको सुरक्षा हटाएको छ, शान्ति सुरक्षाको स्थिति छैन तर सुरक्षाकर्मी फिर्ता लिएको छ,' उनले भने।सरकारले निर्वाचनको वातावरण बनाएमा जनमत भाग लिने बताएको सिंहले जानकारी दिए। जेन-जी आन्दोलनका क्रममा जेलबाट भागेका कैदी र

–बाँकी तीन पेजमा

मानसिक स्वास्थ्य प्रति सचेत बनौं

- निराश हुनु,
- तनाव तथा चिन्तित महशुस हुनु,
- बेला बेलामा डर लाग्नु,
- पसिना आउनु,
- गहिरो निद्रा नपर्नु लगायत मानसिक रोगका लक्षण हुन सक्छन्।

मानसिक समस्या निदानको लागिः

- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्ला रूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
- आवश्यक परेमा मानसिक स्वास्थ्य विशेषज्ञसँग परामर्श गरौं,

"**स्वस्थ मन, सुखी जीवन**"

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

तिहार र छठको शुभकामना !

बुधवारदेखि नेपाल सम्वत' ११४६ सुरु भयो। सम्भवतः यो नेपालबाटै सुरु भएको मौलिक सम्वत् हो। यसो त अहिले आधिकारिकरूपमा विक्रम सम्वत् प्रचलित छ र अरू धेरै समुदायले आआफ्नै नयाँ वर्ष मनाउने गरेका छन्। तर, काठमाडौं उपत्यकामा उत्पन्न र प्रचलित नेपाल सम्वत् अरूभन्दा बढी नै जीवन्त देखिन्छ। राणा र शाहहरूको शासन कालमा नेपाल सम्वत्' माथि अघोषित प्रतिबन्ध लगाइएको थियो। यस प्रतिबन्धविरुद्ध उठ्ने आवाजलाई राष्ट्रिय एकता' विरोधीको संज्ञा दिने गरिन्थ्यो। राणा शासनविरुद्धको क्रान्तिपछि राष्ट्रिय चेतनाको पुनर्जागरणसँगै नेपाल सम्वत्का विषयमा पनि सामुदायिक जागरण सुरु भएको थियो। राजा महेन्द्रले लोकतन्त्रविरुद्ध लादेको शासनमा यो जागरणको दियो पनि निभ्यो।

लोकतन्त्रका लागि जनतालाई जगाउन सांस्कृतिक जागरणको महत्त्वपूर्ण योगदान छ। विसं २०४६ सालको जनआन्दोलनमा नेपाल सम्वत् जागरण अभियानको उल्लेख्य योगदान रह्यो। त्यसपछि नेपाल सम्वत् सरकारी कामकाजको आधिकारिक पात्रो बन्न नसके पनि यसले राज्यबाट सांस्कृतिक मान्यता पाएको छ। प्रधानमन्त्री सुशीला कार्कीले नेपाल सम्वत् नेपाली नोटमा अङ्कित गरिने घोषणा आजै गरेकी छन्। नेपाली राष्ट्रियता सबल बनाउने यस्ता कदमहरू सहयोगी हुने देखिन्छ।

यसैगरी नेपालीहरू अहिले तिहार मनाउँदै छन्। यम पञ्चकका अवसरमा मनाइने तिहार भारतलगायत अरू देशमा पनि मनाइन्छ तर नेपालको तिहार सांस्कृतिक र सामुदायिकरूपमा भने मौलिक देखिन्छ। नेवार समुदायको ह्म पूजा' वा विशेषगरी गुरुङ मगर समुदायले मनाउने भैलो देउसी, अहिले लगभग सबै नेपालीले मनाउन थालेको भाइटीकाजस्ता मौलिक सांस्कृतिक परम्पराले नेपालीलाई अरूभन्दा बेग्लै जाति बनाएको छ।

यस्तै नेपालको तराईमा मनाइने छठ पर्व पनि लोकतन्त्र पुनःस्थापनापछि राष्ट्रिय पर्व बन्न पुगेको छ। काठमाडौं उपत्यकालगायत पहाडी जिल्लाहरूमा पनि अब छठ पर्व उल्लासपूर्वक मनाइन्छ। यही सांस्कृतिक विशेषता र मौलिकताको सम्मानबाट नै नेपाली राष्ट्रियता बलियो हुने हो। अहिले त संसारभर छरिएका नेपालीले आफूसँगै नेपालका मौलिक पर्व र परम्परा पनि बोकेर गएका छन्। सम्भवतः नेपालीको सबैभन्दा ठूलो वैभव यिनै सांस्कृतिक विविधता र मौलिकता हुन्। बाह्रखरी परिवारका तर्फबाट हाम्रा पाठक, विज्ञापनदाता, शुभेच्छुक र सहकर्मीलगायत समस्त नेपालीमा नेपाल सम्वत्का अवसरमा न्हयु दया भिन्तुता'का साथै तिहार र छठको शुभकामना !

जेन–जीको विद्रोह र नेपालको पुनरुत्थान

डा. प्रशान्तध्वज अधिकारी

नेपालमा भदौ २३ र २४ मा जेन–जी'द्वारा गरिएको आन्दोलनले नेपाली राजनीतिको चरित्र पुनः एकपटक हल्लाइदियो। राजनीति र विज्ञान फरक विधा हुन्। विज्ञान तथ्यसँग सम्बन्धित हुन्छ भने राजनीतिमा तथ्यलाई आफू अनुकूल व्यख्या गर्ने प्रचलन छ। राजनीतिमा देखिने बेथितिजस्तै वैज्ञानिक अनुसन्धानमा पनि 'आर्टिफेक्ट' देखिने गर्छ। अनुसन्धानमा प्रयोग हुने 'कम्पोजिट' र 'आर्टिफेक्ट' शब्दहरूको सन्दर्भलाई जोड्दै नेपालको राजनीतिक अवस्था प्रतिविम्बित गर्ने प्रयास यस लेखमा गरिएकोछ। लामो समयदेखि देखिँदै आएको बेरोजगारी, अवसरको असमानता, गहिरिँदो भ्रष्टाचार, दलगत स्वार्थ वा समग्रमा बेथितिहरूप्रतिको आक्रोश यस आन्दोलनमार्फत तीव्ररूपमा विस्फोटित भयो। युवाले सडक र डिजिटल अभियानमार्फत् आफ्नो असन्तुष्टि प्रकट गरे। यो अवस्था आउनुको मुख्य कारण पटकपटक सत्तासीन राजनीतिक नेताहरूले तथ्यलाई आफू अनुकूल प्रचार गर्नुको परिणाम हो। धरातलीय यथार्थ तिनको भाष्यभन्दा धेरै फरक थियो।

नेपालको राजनीतिक प्रसङ्ग र 'कम्पोजिट' अनुसन्धान

अहिलेको 'जेन–जी' विद्रोहको क्रममा प्रशासनिक भवनहरूमा, राजनीतिक दलका कार्यालयहरूमा र वरिष्ठ नेताहरूका निवास आक्रमण, तोडफोड र आगजनीका घटना भए। यसरी सामान्य विरोधको सीमाभन्दा पर गएर आन्दोलनले पुरानो राजनीतिक संरचना र शासकीय संस्कृतिप्रति धावा बोल्यो। वर्षौंदेखि जरा गाडिएको अपारदर्शी, भ्रष्ट र गैरजवाफदेही राजनीतिक प्रवेत्तिलाई अब नागरिक विशेषतः युवावर्गले स्वीकार्न नसक्ने सन्देश यस आन्दोलनले दिएको छ। आजको संसार वैज्ञानिक खोजअन्तर्गत नयाँनयाँ प्रविधिमार्फत मानवोपयोगी वस्तुहरूको निर्माण र विस्तारले विश्वका सामान्य मानिसहरूसमेत उपभोगको नयाँ चरणमा प्रवेश गरिसकेका छन्। यसले अझै निरन्तरता पाइरहनेछ। विभिन्न अनुसन्धान क्षेत्रमध्ये 'कम्पोजिट' अनुसन्धान क्षेत्र, उत्पादन र निर्माणको क्षेत्रमा ठूलो परिवर्तन ल्याउने कारक बन्दैछ। अनुसन्धानको भाषामा 'कम्पोजिट' भन्नाले कुनै एक वस्तुमा दुईभन्दा बढी भिन्न वस्तुलाई उपस्थित गराउनु हो।

यही सोचअनुसार कुनै पनि नयाँ वस्तु निर्माण गर्दा अरू वस्तुको मात्रा मिलायर 'ट्रायल' गर्ने काम अनुसन्धान क्षेत्रको लागि चुनौती दिने चरण हो। उदाहरणका लागि अहिले विश्वमा भइरहेका केही अनुसन्धानमा नतिजा सकारात्मक आए हामीले नदी नालामा हाल्ने पुलका पिलर कार्बन फाइबर कोटेड वा न्यानो ट्युब कम्पोजिट हुनेछन् जुन अहिलेका चलनचल्तीका भन्दा बढी टिकाउ र बलिया हुनेछन्। वैज्ञानिक अनुसन्धानमा 'ट्रायल फेज' भनेको तत्काल परिमाण दिने चरण हैन। किनभने, नतिजा प्राप्त गर्न कुनको मात्रा कति प्रयोग गर्दा हुन्छ भनेर यकिन गर्न लामो समय र मिहेनत चाहिन्छ। मात्रा मिलाउन नसके कम्पोजिटमा फ्रयाक्चर आई समग्र अनुसन्धान खेर जान पुग्छ र नया कोर्सको थालनी गर्नुपर्ने हुन्छ। यस अवस्थामा सामान्य मानिससम्म परिणाम पुग्दैन जुन नेपालको विगतदेखि वर्तमानसम्मको राजनीतिक अवस्थासँग मेल खान्छ।

नेपालको जातीय स्थिति, धर्म, भाषा, भूगोल, राजनीतिक दल, हावापानी, इत्यादि र समग्र सामाजिक बनावट पनि कम्पोजिट रूपमा छ। तर, माथि उल्लेख गरिएका कुनै एक चिजमा पनि मात्रा नमिले कम्पोजिटमा फ्रयाक्चर आई सामाजिक सन्तुलन नै खलबलिने स्थिति देखिन्छ। नेपालको शासन सत्ताको इतिहास हेर्दा अहिलेसम्म यही चरित्र र प्रवृत्ति देखिन्छ। यसैले कुनै पनि सत्ताले जनताको वास्तविक प्रतिनिधित्व गरेन। तसर्थ, हाम्रो देशको सरकार जानेआउने भनेको एक कम्पोजिट अनुसन्धानजस्तै हो। अहिलेको संविधानअनुसार बनेका केन्द्रीय वा प्रान्तीय सरकारहरू पनि कम्पोजिट सरकार हुन्। किनभने यहाँ भिन्न भिन्न चरित्र र सिद्धान्त भएका दलहरूको संग्लनता छ। मात्रा नमिले फेरि कुनै पनि बेला अर्को स्थिति आउन सक्छ।

यसैले सरकार पटकपटक ट्रायल फेजमा घुमिरहेको हो। विसं २००७ देखिको राजनीतिक अनुसंधानको ट्रायल फेज अझसम्म टुंगिसकेको छैन। यो चरण जति लम्मियो त्यतिनै निराश नेपालीको सङ्ख्या बढ्नेछ। नेपाल लामो समयदेखि चाहेर वा नचाहेर कम्पोजिट राजनीतिक अनुसन्धान केन्द्र बनिरहेको छ । वर्तमान विद्रोहले भने राजनीतिक पार्टी र नागरिक समाजलाई सच्चिने अवसर दिएको छ। नसच्चिए माथि उल्लेख गरिएजस्तै, जनताले परिमाण र नतिजा पाउन झन् मुस्किल हुनेछ। हामी नयाँनयाँ राजनीतिक कोर्स वा अभ्यासतिर झन् धकेलिँदै जानेछौं। अहिलेको समाजिक सञ्जालका पोस्ट हेर्दा देखिने विकसित राष्ट्रतिर उड्ने व्यक्तिलाई ओडाइएको खादा देख्दा लाग्छ नेपालमा युवाको भविष्य छैन भन्ने भाष्य निर्माण गरिँदैछ। सक्रिय युवा उत्पादनसँग जोडिन्छ, उत्पादन रोजगारीसँग र रोजगारी बजारसँग। अहिले नेपालमा यो कडी भत्किसकेको छ। जेन–जी विद्रोहबाट बनेको सरकार, नागरिक समाज र राजनीतिक पार्टीहरूले अब यो कडीलाई जोड्नेतिर ध्यान केन्द्रित गर्नुपर्छ।

नेपालको राजनीतिकको बेथिति र अनुसन्धानको आर्टिफेक्ट

नेपालको राजनीतिक अस्थिरता लामो समयदेखि थियो, अझै छ र अब झन् गहिरिनेछ भनिदैछ। किनभने नेपाल कम्पोजिट राजनीतिक दाउपेचमा आन्तरिक र बाह्य दुवै कारणबाट छ। यही अवस्था र अहिले रहेको निर्वाचन पद्धतिको लाभ राजनीतिमा लाग्ने सीमित मानिसलाई मात्र छ। नेपालमा पटकपटक भएका निर्वाचनबाट पनि केन्द्र वा प्रदेशमै पाँच वर्षमा पटकपटक नयाँ प्रधानमन्त्री, मुख्यमन्त्री आउनेजाने काम भइराखेको छ। नेपाल भूगोल र जनसंख्याको हिसाबले त्यति सानो र कमजोर मुलुक हैन। नेपाली जनतालाई अहिले चाहिएको परिणाम हो ता कि देशले सम्पन्नताको यात्रा तय गर्न सकोस्। यस्ता अस्थिर सरकारमा रहने पार्टीहरूले जितेको महसुस गरे पनि देशले पटकपटक हार्ने छ। नयाँ पुराना राजनीतिक दलहरूले आफू हारे पनि देशलाई जिताउन, यो अवस्थालाई सुधार गर्न ढिलोचाँडो तत्परता देखाउनुपर्ने हुन्छ। अरूलाई दोष दिएरभन्दा आफू सच्चिएर अहिलेका युवाको माग सम्बोधन गर्नसके देश अस्थिरता मुक्त हुने बाटोतिर जाला। अहिलेको अवसरलाई बुद्धिमानीपूर्वक समुन्नत यात्राको सुरु गराए देश अघि बढ्ला। तसर्थ, सच्चिनै पर्ने ठाउँमा छिटो सच्चिऊँ हैन भने देश फेरि पनि पछि धकेलिन सक्छ।

मूलतः देशका नयाँ र पुराना पार्टीहरू अब थप जिम्मेवार हुनु आवश्यक छ। हुनत, यसको सही रेफ्री जनतानै हुन्। अब आउने चुनावमा जुन पार्टीले यिनीहरूको विश्वास जित्न सक्छ सरकारमा त्यो पार्टी पनि पुग्ने निश्चित जस्तै छ। पहिलाको भोटको प्रवृत्ति हेर्ने हो भने अहिलेको अवस्थामा हुने निर्वाचन पनि भ्याकुम वा शून्यजस्तै हो। यो पद्धतिमा आउने परिणाम पनि कहिले कुन् दल ठूलो र कहिले कुन् भन्नेमात्र हो। यसले अपेक्षित परिणाम दिँदैन। देशलाई यही स्थितिमा राख्नेछ वा यसभन्दा खराब हुनेछ। तर, यो अवस्थाको अन्त्यको लागि वर्तमान संविधानमा रहेको शासकीय स्वरूपलाई बदल्न र निर्वाचन पद्धतिलाई सुधार्न जरुरी छ। जेन–जी विद्रोहले यसको जग बसालिदिएको छ।

नेपालको रूपान्तरण हुने अवसर

विज्ञानको शब्दमा भन्ने हो भने समाजमा आर्टीफेक्टको विस्तार भए देशमा विधिको शासन स्थापनाको लागि चुनौती थपिदिन्छ। जे सोचेको हो त्यो हुदैन। विसं २०६२–६३ को आन्दोलनबाट देशको कायपलट हुन्छ भनेर कल्पना गरिएको थियो। भएन। अहिलेको जेन–जी आन्दोलनबाट नयाँ पुस्ताको असन्तुष्टि र आकांक्षाको स्पष्ट उद्घोष बाहिर आयो। युवाले सडकमा देखाएको आक्रोशले शिक्षा, रोजगारी, पारदर्शिता र समावेशी शासन प्रणालीको तीव्र मागलाई राजनीतिक वृत्तमा सशक्तरूपमा उजागर गऱ्यो। अब नेपाल लामो समयदेखिको 'राजनीतिक अनुसन्धान केन्द्र'बाट हट्छ कि ?

नेपालमा सन् १९९० पछिका छोटै समयमा दुईवटा संविधान देख्न पाइयो। पहिलो संविधानबाट जे कल्पना गरिएको थियो त्यो भएन र नै त गयो होला। दोस्रो प्रयोगको चरणमा रहँदै अहिले धरमराएको छ। विश्वका केही मुलुकले सयौं वर्षअघिकै संविधानबाट काम चलाइरहेका छन्। प्रत्येकचोटि परिवर्तनबाट थालिएको यात्रा गन्तव्यमा पुग्न असफल भएको देखिएको छ। अब चाँहि यात्रा गन्तव्यमा नै पुगोस् भन्नका लागि सबैको सकारात्मक भूमिका अपरिहार्य छ।

देशको अधोगतिले स्वदेश विदेशमा रहेका नेपाली कुनै न कुनै अप्ठयारोमा परेका छन्। तिनको प्रतिक्रियामा अचेल आक्रोश मात्रै हैन पीडा पनि लुकेको छ। विदेशिएका नेपाली सीप, पीडा र आक्रोश सबै लिएर फर्कने छन्। स्वदेशमा रहेका योग्य तर पछाडि पारिएका आक्रोशित युवा वा अन्य समुदाय यहाँ पहिलेदेखि नै ठूलो सङ्ख्यामा छन। यी दुवैको एकत्रित आक्रोश विस्फोट भएर नै देशमा आज यो विध्वंस भएको हो। अझै पनि चेत्न नसके नेपालमा भोलिका दिनमा यसभन्दा ठूलो विद्रोह हुनसक्छ। त्यस अवस्थामा को कहाँ पुग्छ भन्न सकिँदैन। अहिलेको जेन–जी विद्रोहले नेपाललाई "कम्पोजिट" राजनीतिक प्रयोगबाट राजनीतिक पुनर्निर्माणमा रूपन्तारित हुने अबसर दियको छ। यसको सदुपयोग गर्नसके नेपालको सामाजिक, आर्थिक र राजनीतिक पुनर्निर्माण हासक्नेछ।

एमालेको १० तर्क : गैरसरकारी संस्थालाई पार्टीको स्टेकहोल्डर' बनाउनु त्रुटिपूर्ण

काठमाडौं, ५ कार्तिक। प्रधानमन्त्रीसहित विभिन्न राजनीतिक दलका नेताहरूसँगको छलफलमा नेकपा एमालेले जेनजी आन्दोलनपछिको अवस्था र आगामी निर्वाचनबारे १० बुँदामा आफ्नो धारणा राखेको छ। मंगलबार बालुवाटारमा चलेको भएको करिब ५ घण्टा लामो छलफलमा एमालेका तर्फबाट महासचिव शंकर पोखरेल र उपमहासचिव प्रदीप ज्ञवालीले पार्टीका तर्फबाट स्पष्ट धारणा राखेका हुन्। छलफलमा नेता पोखरेल र ज्ञवालीले भदौ २३ र २४ गतेका घटनाको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिन हुनुपर्ने भन्दै ती घटनाका दोषीलाई कानुन अनुसार कारबाही हुनुपर्नेमा जोड दिएको महासचिव पोखरेलले जनाएका छन्।

महासचिव पोखरेलले संसद् बाहिरबाट प्रधानमन्त्री नियुक्त गर्ने परिस्थितिमा पनि संसद् नै समाधानको केन्द्र हुनसक्छ भन्ने मान्यताअनुरूप राष्ट्रपतिलाई सुझाव दिइए पनि सरकार गठन र प्रतिनिधि सभाको विघटन



आफूहरूको सुझावभन्दा भिन्न प्रक्रियाबाट भएकाले एमालेले त्यसलाई असंवैधानिक कदमका रूपमा लिएको धारणा राखेको बताए। मुलुकलाई पुनः संविधानको बाटोमा फर्काउनका लागि प्रतिनिधि सभाको पुनर्स्थापना आवश्यक छ भन्ने हाम्रो दृढ विश्वास हो', महासचिव पोखरेको भनाइ छ। महासचिव पोखरेलका अनुसार वर्तमान सरकारले गठन गरेको "कार्की आयोग" स्वतन्त्र र निष्पक्ष छानबिन गर्नसक्ने अवस्थामा नरहेको पनि छलफलमा राखेका छन्।

आयोगका प्रमुख नै आन्दोलनलाई उक्साउने कार्यमा संलग्न रहेको प्रमाण सार्वजनिक भइसकेको छ। त्यसैले, वर्तमान आयोग खारेज गरी निष्पक्षताकायम गर्न सक्ने व्यक्तिहरूको सहभागितामा नयाँ आयोग गठन गर्न आवश्यक छ', बालुवाटारमा आफूले राखेको धारणा उद्धृत गर्दै पोखरेलले भनेका छन्। साथै एमालेले निर्वाचनको राजनीतिक वैधता सुनिश्चित गर्न भयरहित वातावरणमा स्वतन्त्र र निष्पक्ष निर्वाचन आवश्यक भए पनि अहिले सुरक्षाको अवस्था नाजुक रहेको, प्रहरीको मनोबल कमजोर

–**बाँकी तीन पेजमा**

जानकी मन्दिरको...

छ। हामीले पटक–पटक अनुरोध गरेका छौँ, मन्दिर भित्र पटाका र आतिशबाजी नगर्नुहोस्। यो हाम्रो धर्म, संस्कार र परम्पराविपरीत हो। तर, केही युवाहरू अझै पनि बेवास्ता गर्छन्। यसले सम्पूर्ण मिथिलाको छविमाथि नै दाग लगाइरहेको छ,' उनले भने। दासले भने, जानकी मन्दिर मिथिलाको हृदय हो। यहाँ भजन, आरती र शान्तिको स्वर गुन्जिनु पर्छ, पटाका र हल्ला होइन। यो पवित्र स्थलमा मर्यादा कायम राख्नु सबैको कर्तव्य हो।' उनले ठूलो आवाज र आतिशवाजीले मन्दिरभित्र रहेका साधुसन्तहरू त्रसित बनेकोसमेत बताए।

महन्त दासले भने, मिथिलाको संस्कृति सौम्यता, भक्ति र मर्यादामा टेकेको छ। हामी सबैले मिलेर जानकी मन्दिरको पवित्रता जोगाउनुपर्छ। पटाका र धुवाँले नभई दीप र भजनले नै जनकपुरधाम उज्यालो बनोस्। यही मेरो कामना हो।' सामाजिक सञ्जालहरूमा पनि यो विषयले व्यापक प्रतिक्रिया पाएको छ।

चुनावको वातावरण...

चाहन्छु। साथै नेपाल राष्ट्रलाई स्वतन्त्र र स्वाधीन बनाउन विभिन्न आन्दोलनमा ज्यान बलिदान दिनुभएका ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली पनि अर्पण गर्दछु।

नेपाल संवत् नेपाली गौरव, सभ्यता र परोपकारको प्रतीक हो।यसका प्रवर्तक शंखधर साख्वा एक व्यापारी हुनुहुन्थ्यो। तर उहाँ केवल नाफा कमाउने व्यापारी मात्र नभएर एक महान् समाजसेवी र लोककल्याणकारी व्यक्तित्व हुनुहुन्थ्यो। आजभन्दा ११४६ वर्षअघि, राजा राघवदेवको शासनकालमा उहाँले गरिबी र ऋणमा डुबेका नागरिकहरुको ऋणमोचन गरिदिनुभयो। ऋणको भारबाट पीडित जनतालाई मुक्त गर्ने त्यो ऐतिहासिक निर्णय थियो। यो दिन नै नेपाल संवतको शुभारम्भको आधार हो। उहाँको यही सामाजिक न्यायको महान् कार्यको कदरस्वरूप वि.सं. ९३६ मा नेपाल संवतको थालनी गरियो। यसैको सम्मानमा उहाँलाई वि.सं. २०५६ मा राष्ट्रिय विभूति घोषणा गरियो। र, २०६५ कात्तिक ७ गतेदेखि नेपाल संवतलाई राष्ट्रिय संवत घोषणा गरिएको छ। सरकारी कागजातमा नेपाल सम्वत् समेत उल्लेख गर्न थालिएको छ।

यस सम्वतको संवर्धन, प्रवर्धन र व्यावहारिक कार्यान्वयनका लागि यहाँहरुको सुझावअनुसार थप कदम चाल्न पनि सरकार तयार छ। नेपाल संवत् नेपाली धर्तीमा उत्पत्ति भएको हो। नेपाली जनताले यसको प्रादुर्भाव गरेका हुन्। तसर्थ नेपाली राष्ट्रियता, मौलिकता एवं सामाजिक इतिहासको महत्त्वपूर्ण धरोहर हो यो संवत्।

यस संवतको प्रवर्तन गर्ने ती महान् व्यक्तित्व साख्वाबाट आज पनि हामीले सिक्ने कुरा के छ भने व्यक्तिगत हितभन्दा सामूहिक हित र दलगत हितभन्दा माथि राष्ट्रिय हितलाई राखी हिँड्न सके मात्र हाम्रो राष्ट्रिय अभीष्ट पूरा हुन सक्छ।

उपस्थित जनसमुदाय,

२०८२ भदौ २३ र २४ गते जेनजीले देशमा व्याप्त चरम भ्रष्टाचारविरुद्ध गरेको आन्दोलनमा कलिला युवाहरुको अनाहकमा ज्यान गएको र सयौँको संख्यामा घाइते भएको घटनाले म अत्यन्त दुःखी छु। आज यस समारोहमार्फत पनि उक्त आन्दोलनमा ज्यान गुमाउने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। सोही आन्दोलनको बलमा बनेको यस नागरिक सरकारले २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने जिम्मेवारी प्राप्त गरेको यहाँहरुलाई विदितै छ। यस सरकारसँग नेपालको संविधानको अधीनमा रही जेनजी आन्दोलनको सुशासनको आवाजलाई सम्बोधन गर्नुपर्ने दायित्व रहेको छ। यसका लागि समाजका सबै तह, तप्का र वर्ग समुदायको उत्तिकै भूमिका हुन्छ। आउनुहोस्, यसमा सहाकार्य गरौँ र सचेत नागरिकको भूमिका निर्वाह गरौँ।

लोकतान्त्रिक सबलीकरण, आर्थिक समृद्धि र नागरिक अधिकारको रक्षा गर्न आगामी फागुन २१ गते हुने निर्वाचनमा भयरहित ढंगले नेपाली जनताले मताधिकार प्रयोग गर्ने वातावरण बनाउन सरकार कटिबद्ध छ। यस कार्यमा सबै राजनीति दल, वर्ग, समूहको साथ र सहयोग रहनेछ भन्नेमा विश्वस्त रहेको छु। अन्त्यमा, आज सम्मानित व्यक्ति र संस्थालाई हार्दिक बधाई ज्ञापन गर्दै शंखधर साख्वाःले देखाउनुभएको सामाजिक एकता, त्याग र मानवीयताको बाटोमा हिँड्न हामी सबैलाई प्रेरणा मिलोस्। नयाँ वर्षले हामी सबैको जीवनमा सुख, शान्ति, सामाजिक सद्भाव र प्रगतिको नयाँ आयाम थपोस्।

संघीयता र...

लुटिएका हतियारले समाजमा झन असुरक्षा पैदा गरेको कुरा पनि बैठकमा राखेको सिंहले बताए। बैठकमा राखेका कुरा उल्लेख गर्दै सिंहले भने, 'कैदीबन्दी भागेकामा फिर्ता भएका छैनन्। सरकारले नियनत्रण गर्न सकेन भने अर्को उपद्रव हुन्छ।

हामी चुनावमा भाग लिन्छौं सरकारको दायित्व वातावरण बनाउने हो। बैठक र संवादलाई निरन्तरता दिनुपर्छ।' प्रधानमन्त्री कार्कीले भने चुनावको वातावरण बनाउन सरकार लागिरहेको बताउँदै दलहरूको पनि साथ रहनुपर्ने बताएकी थिइन्।

एमालेको १० तक...

भएको र सुरक्षा चुनौती अत्यधिक बढेको अवस्थाबारे जानकारी गराएको बताए।

प्रहरीका खोसिएका हतियार र गोलीगट्ठा अझै फिर्ता भएका छैनन्। जेलबाट भगाइएका कैदीहरू मध्ये धेरैजना फरार छन्', पोखरेलले भने, कतिपय अपराधीहरू अपराध कर्ममा पुनः सक्रिय भएको तथ्य सार्वजनिक भइरहेका छन्। नेपाल प्रहरीलाई स्वतन्त्र रूपमा अनुसन्धान र कानुनी कारबाही गर्न नदिइएको गुनासो सुनिन्छ।' उनले निर्वाचनका लागि राजनीतिक दलहरूले भयरहित वातावरणमा जनतामाझ आफ्नो विचार प्रस्तुत गर्न पाउनुपर्ने भन्दै मुख्य दलहरूलाई निषेध गरेर गरिने निर्वाचनले राजनीतिक वैधता पाउन नसक्ने प्रस्ट बताएका छन्। राजनीतिक दलका नेताहरूको क्रियाशीलतामा अवरोध गर्न खोज्ने प्रवृत्तिको प्रतिवाद सरकारतर्फबाट भएको देखिँदैन', पोखरेलले भनेका छन्, कतिपय समूहहरू समानान्तर सत्ता सञ्चालन गर्नेजस्ता गतिविधिमा सक्रिय छन्। यस्ता अवस्थाको नियन्त्रण अनिवार्य छ।' साथै सरकारले राजनीतिक दलहरूसँग संवाद र सहकार्यको वातावरण सुनिश्चित गर्नुपर्ने भए पनि अहिलेका केही मन्त्रीहरू त्यसको विपरीत व्यवहार गरिरहेकाले तत्काल नियन्त्रण आवश्यक रहेको एमालेले जनाएको छ।

लोकतन्त्रमा जनतालाई संगठित गर्ने र जनअभिमतलाई प्रतिनिधित्व गर्ने काम राजनीतिक दलहरूले नै गर्ने पनि बैठकमा एमालेले स्मरण गराएको छ। गैरसरकारी संस्थालाई राजनीतिक आन्दोलनको स्टेकहोल्डर बनाउने कार्य नै त्रुटिपूर्ण कार्य हो', महासचिव पोखरेलले भने, जेन्जीका नाममा यस्तै तत्त्वहरूले नै आन्दोलनलाई हिंसात्मक बनाउने काम गरेका हुन सक्दछन्।'

बालुवाटार बैठकमा रास्वपाको ५ बुँदे अपेक्षा : ताजा जनादेश बिना देश अघि बढ्दैन

काठमाडौँ, ५ कार्तिक। मंगलबार साँझ बालुवाटारमा बसेको सर्वदलीय बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तर्फबाट सोबिता गौतम र स्वर्णिम वाग्लेले सहभागिता जनाए। करिब चार घण्टा चलेको बैठकमा रास्वपाले वर्तमान एमाले–कांग्रेस गठबन्धनलाई चरम कुशासन र अहङ्कारको प्रतीक ठहर गर्दै त्यसको वैधता समाप्त भइसकेको कुरा राखेको थियो।

वाग्लेका अनुसार भाद्र २३ को जेन–जी शान्तिपूर्ण प्रदर्शनका क्रममा भएको नरसंहारपछि पुरानो सत्ताको नैतिक र राजनीतिक औचित्य सकिएको र त्यसैले ताजा जनादेश अब अपरिहार्य बनेको रास्वपाको अडान हो। उनका शब्दमा, हामी संविधानको मर्यादाभित्र रहेर नयाँ जनादेशको माग गर्दैछौँ। प्रतिनिधिसभाको नयाँ निर्वाचन छ महिनाभित्र सम्पन्न हुनुपर्छ, तर राष्ट्रिय सभाको स्थायी स्वरूप कायम रहनुपर्छ, ताकि प्रतिगमनको सम्भावना टाढा रहोस्।'

रास्वपाले सुशील कार्की नेतृत्वको सरकारप्रति सद्भाव रहेको तर समर्थन अनिश्चितकालीन हुन नसक्ने चेतावनी दिएको छ। वाग्लेका अनुसार, सुशासनका लागि बनेको सरकारले आफ्नो वैधताको स्रोत निरन्तर खोजिराख्नुपर्छ, जसका पाँच आधार रास्वपाले पहिल्यै तय गरिसकेको छ—इमानदार निर्वाचन तयारी, भ्रष्टाचारविरुद्ध कडा कदम, आर्थिक सुधार, गुणस्तरीय विकास, र सुदृढ अन्तर्राष्ट्रिय सम्बन्ध।

उनले भाद्र २३ को नरसंहार र त्यसपछिका घटनामा निष्पक्ष छानबिन, प्रहरीको मनोबल उच्च राख्ने नीति, र निर्वाचन आयोगमा दलहरूको छाया हटाउनुपर्ने माग पनि दोहोऱ्याए।

भ्रष्टाचारका दर्जनौँ मुद्दा बाहिर ल्याएर विधि र संस्थामार्फत कारबाही गर्नुपर्ने वाग्लेको जोड थियो। अर्थतन्त्रका सुधार सिफारिसहरूको कार्यान्वयन, सार्वजनिक खरिदमा पारदर्शिता, संविधान संशोधनका लागि विश्वसनीय उच्चायोग, र सर्वदलीय संवादको संस्थागत रूप—यी विषयहरूमा पनि रास्वपाको ध्यान केन्द्रित रहेको उनले जानकारी गरे।

वाग्लेले निष्पक्ष र भयरहित निर्वाचनका लागि राष्ट्रसंघ र मित्रराष्ट्रहरूको पर्यवेक्षण सुनिश्चित गर्नुपर्ने र विदेशमा रहेका नेपालीका लागि मतदानको व्यवस्था गर्न कूटनीतिक पहल तत्काल सुरु हुनुपर्ने माग गरे। देशलाई स्थिरता र जवाफदेही शासन चाहिएको हो, पुरानो ढर्रामा फर्कनु होइन,' वाग्लेको भनाइ थियो।

जेन–जी आन्दोलनका घाइते अझै अस्पतालमै, भन्छन् : 'हामीमाथि गोली चलाउने र अपराध गर्नेलाई खोइ कारबाही ?'

काठमाडौँ, ५ कार्तिक। सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजको प्लास्टिक सर्जरी वार्डमा ४८ वर्षीया गीता साह जलनको पीडाले छट्पटाइरहेकी थिइन्। अस्पताल ल्याइएको डेढ महिना बित्यो, घाउ निको हुँदै गए पनि घटनाको सझाले उनलाई बिथोल्न छाडेको छैन। जेन–जी प्रदर्शनका क्रममा २४ भदौमा उनी कोटेश्वरस्थित आफ्नो घडी र चस्मा पसलमा सटर लगाएर चोकमा निस्किएकी थिइन्। सुरुमा त सामान्य नै थियो। तर बिस्तारै बढेको भयावह स्थितिले नमिठो दुर्घटना निम्त्यायो। प्रदर्शनकारीले प्रहरीलाई मरणासन्न हुने गरी कुटिरहेका थिए। उनी ती प्रहरीलाई बचाउन भनी अगाडि गइन् र प्रदर्शनकारीलाई अनुरोध गरिन्। तर प्रदर्शनकारीले प्रहार गरेको एसिड उनको शरीरमा पऱ्यो। गीताको दाहिने हात, खुट्टा र पेट जले। अहिले पनि त्यो क्षण सम्झँदा गीतालाई कहाली लाग्छ।

प्रहरी चौकीनिर प्रदर्शन हेर्न निस्किरहेकी थिएँ। तीन–चार जना प्रहरी भाइहरू प्रहरी चौकीमाथि थिए। अरु भागिसकेका थिए' उनी सम्झिन्छिन्, आन्दोलनकारीबाट जोगिन प्रहरीले दुई राउन्ड गोली फायर गरेपछि आन्दोलनकारीले बाहिरबाटै प्रहरी चौकीमा आगो लगाए।' प्रदर्शनकारीले लगाएको आगो माथिमाथिसम्म फैलिन थाल्यो। प्रहरीहरू बार्दलीबाट भाग्दै थिए। प्रदर्शनकारीले उनीहरूलाई छतमै पुगेर कुटे र घिसारेर सडकमा ल्याए।

मरणासन्न हुने गरी कुटिएको प्रहरीलाई देखेर उनी हतास भइन्। प्रदर्शनकारीलाई अनुरोध गरिन्, बाबुहरू, होस् अब नकुट। छाडिदेऊ।'प्रहरी भाइले मलाई यसले गर्दा बाँच्छु कि भन्ने लागेर होला, मेरो खुट्टा च्याप्पै समात्दै भने– आमा मलाई बचाउनूस्,' उनी घटनाको वर्णन गर्छिन्, एक प्रदर्शनकारीले मलाई आन्टी तपाईं यहाँबाट निस्किनु त भनेर कराए।' गीताले फेरि अनुनय गर्दै भनिन्, छाडिदिनु न बाबु अब भयो।' प्रदर्शनकारीले भने, अरुको छोरालाई मार्दा माया लागेन। उसलाई मार्दा माया लाग्यो।' गीताले थपिन्, सबैको ज्यान उही त हो नि!' यहीबीचमा अचानक एक प्रदर्शनकारीले फालेको एसिड गीताको शरीरमा लाग्यो। दाहिने हात बल्न थाल्यो। उनले अत्तालिँदै लुगा फुकालिन्।

त्यतिबेला पनि ती प्रहरी गीताको खुट्टा समात्दै बचाउन आग्रह गरिरहेका थिए। तर, त्यतिबेला गीताकै ज्यानको टुंगो नहुने भइसकेको थियो।

खुट्टा र पेट हुँदै गीताको जलन बढ्दै गयो। त्यही बेला स्कुटरमा छोराको साथी आइपुगेछन्। उनले गीतालाई कान्तिपुर हस्पिटल लगे। त्यहाँ पनि आगलागीको जोखिम देखेपछि केएमसी हस्पिटल ल्याइपुऱ्याए। गीतालाई सुरुमा आईसीयूमा दुई हप्ता राखियो। गीताका २६ वर्षीय छोरा राहुल त्यो दिनको स्मरण गर्दै भन्छन्, म पनि त्यो दिन बानेश्वरमा आन्दोलनमा थिएँ। ममीले आन्दोलनमा नजान भन्नुभएको थियो। पछि कल गरेर चाँडो आइजो के भनिरहनुभएको थियो। केही समयपछि ड्याडीले कल गरेर खुट्टामा आगो लाग्यो भन्नुभयो।

पछि हस्पिटलमा ममीको अवस्था देख्दा सम्हाल्नै सकिनँ।' गीतालाई पहिल्यैदेखि आगोको ट्रमा थियो। उनी खाना बनाउँदा ग्यासको रेगुलेटर खोल्न र बन्द गर्न पनि छोरालाई अह्राउँथिन्। झन् अहिले आगो लाग्दा त साह्रै गाह्रो भयो। सुरु सुरुमा एक्लै बर्बराउने हुनुभएको थियो। बिस्तारै कम हुँदै गयो,' राहुल भन्छन्। अस्पतालमा बसिरहँदा राहुललाई बेलाबेलामा चिन्ता लाग्छ। सधैं हाम्रो ख्याल गर्ने ममीलाई नै यस्तो भइरहेको छ। गाह्रो हुने रहेछ,' राहुल भन्छन्। आफ्नी आमालाई यस्तो अवस्था गराउने मान्छेसँग राहुललाई निकै आक्रोश छ। मैले प्रहरीलाई पनि भनिरहेको छु। त्यो एसिड प्रहार गर्ने मान्छे कुनै हालतमा पक्राउ पर्नुपर्छ,' राहुल पीडासहितको लबजमा भन्छन्।

केएमसी एचसीयू वार्डमा उपचारत काभ्रे बेथानचोकका २७ वर्षीय कमल घिमिरे यतिका दिनसम्म पनि अझै तंग्रिन सकेका छैनन्। यतिका दिनपछि आइतबारमात्र काका प्राणनाथ घिमिरेलाई उनले आन्दोलनमा घटना हुँदाको क्षणबारे केही

–बाँकी चार पेजमा

जेन-जी आन्दोलनका...

खुलाएका थिए, म भिडियो खिच्दै थिएँ। त्यो दृश्य भिडियोमा पनि हुनुपर्छ। अचानक मलाई गोली लाग्यो।'

कमलको राधेराधेमा गाई फार्म थियो। भदौ २३ को बिहान डेरी गएर उनी फार्मतिर फर्केनन्। सिधै आन्दोलनमा हिँडे।

आन्दोलनमा उनको देब्रे कोखा गोलीले छेड्यो। गोलीले फोक्सोमा पनि ड्यामेज गरेको छ। यतिका दिनपछि हिजो केही बोलेको थियो, आज फेरि बोल्न सकिरहेको छैन,' काका प्राणनाथ चिन्तित सुनिन्छन्। घरको खम्बा थिए कमल। उनी नै घाइते भएर ढलेपछि बाआमा गलेका छन्। दाइ र भाउजू नै अस्पताल आउँदा बेहोस हुनुभयो। त्यसकारण पहिलो दिनदेखि नै कुरुवा मै बसिरहेको छु,' प्राणनाथले भने। यतिका दिनसम्म पनि सरकारका तर्फबाट कोही नआएको उनको गुनासो छ। हाम्रै छोराहरूको रगतमा टेकेर प्रधानमन्त्री बन्नुभएको सुशीला कार्की अरु ठाउँ पुग्नुभयो। तर यहाँ आएर हामीलाई सान्त्वना दिन भ्याउनुभएन,' उनले गुनासो पोखे, अनि अहिलेसम्म आन्दोलनका बेला गोली हान्नेलाई सरकारले पक्राउ गरेको छैन। के कुराले अड्काइरहेको छ ?'

सातदोबाटोस्थित बी एन्ड बी अस्पतालमा उपचाररत २९ वर्षीय रवि भण्डारी २० दिनअघि केमएसी अस्पतालबाट यता रिफर गरिएका हुन्। उनी अहिले भताभुंग भइरहेको घर व्यवहार सम्झेर चिन्तित बनिरहेका छन्। रविको घर सिन्धुली हो। टीकाथलीमा अस्थायी रूपमा बस्थे। पाँच वर्षअघि कतारको वैदेशिक रोजगारीबाट फर्केपछि पठाओ चलाउँदै आएका थिए। त्यही पैसाबाट घरको ऋण तिर्थे, भाइ पढाउँथे। तर जेनजी आन्दोलनमा गोली लागेपछि उनी विचलित बनिरहेका छन्। अघिल्लो दिन उनी आन्दोलनमा निस्किएनन्। बरु भाइ गएका थिए। साथीहरूसँगै आन्दोलनमा गएका भाइ साथी गुमाउँदै घर फर्किए।

त्यही आक्रोशले उनी भोलिपल्ट आन्दोलनमा हिँडे। महाराजगन्जमा थियौं। गोंगबुतर्फबँट अर्को समूह प्रहरी चौकी जलाउँदै आइरहेको रहेछ। म पनि अरुसँगै अगाडि बढ्दै थिएँ। भाटभटेनीको अगाडि मेरो दुब्रे खुट्टाको गोलीगाँठानिर गोली लाग्यो,' उनी सम्झिन्छन्। रवि जेनजी आन्दोलनबाट बनेको सरकारले अब घाइतेहरूको उपचार मात्र होइन, उनीहरूको रोजगारीको पनि ग्यारेन्टी लिनुपर्ने बताउँछन्। महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचाररत विक्रम लम्काहाको दिदी सरिता राना भाइ निको हुने प्रार्थना हरेक दिन गर्छिन्। भदौ २४ को साँझ प्रदर्शनका क्रममासात बजे जाउलाखेलमा भाइलाई गोली लागेको थियो। दाहिने खुट्टामा गोली लागेको हो। अहिले सातौँ पटक प्लास्टिक सर्जरी भइरहेको छ। घरमा आमा भाइको अवस्थाले धेरै चिन्तामा हुनुहुन्छ,' सरिता भन्छिन्।

विक्रम होटलमा कुक थिए। घरको सबै व्यवहार धानिरहेको भाइले अब काम गर्न सकेन भने ?' सरिता सम्झेर दुःखी बन्छिन्। त्रिवि शिक्षण अस्पतालमै उपचाररत २३ वर्षीय सञ्जय घिसिङको दाहिने हातमा गोली लागेको छ। उनलाई पनि जाउलाखेलमै गोली लागेको थियो। सञ्जय यसअघि राजावादीको प्रदर्शनमा पनि सामेल भएका थिए। राजावादी आन्दोलनमा पनि गएको थियो। त्यतिबेला प्रहरीको लाठी खाएर फर्किएको हो। भदौ २४ को आन्दोलनमा नजा भनेको। गयो। सुरुमा साथीलाई गोली लाग्यो, बोकेर भाग्दै थियो रे ! पछि उसैलाई लागेछ,' सञ्जयकी आमा भन्छिन्, अझै अप्रेसन गर्न बाँकी छ भन्नुभएको छ। कति दिन लाग्छ, थाहा छैन।'

त्रिवि शिक्षण अस्पतालमै १८ वर्षका भकबहादुर नेपाली आईसीयूमा उपचाररत छन्। टाउकोमा गोली लागेको उनलाई केही दिनअघि पोखराबाट रिफर गरिएको थियो। ट्रमा अस्पतालको एचसीयू वार्डमा प्रकाश बराल र लिजा अधिकारी उपचाररत छन्। आन्दोलनको प्रतीक बनेको आइकोनिक जुत्ता आन्दोलनमा छुटेको थियो। त्यो जुत्ता प्रकाशकै थियो। प्रकाश अहिले आफूलाई एक जना शुभचिन्तकले त्यस्तै अर्को जोर जुत्ता किनिदिएकामा खुसी व्यक्त गर्छन्। आन्दोलनमा त्यो जुत्ता छुट्यो। त्यस्तै खालको जुत्ता एक जना शुभचिन्तकले मायाले किनेर ल्याइदिनुभएछ,' प्रकाश भन्छन्।

आन्दोलनका घाइतेहरू बिस्तारै दिन-प्रतिदिन डिस्चार्ज भइरहेका छन्। उनी भने अझै कति दिन बस्नुपर्ने हो, थाहा छैन प्रकाशलाई। अझै एउटा अप्रेसन बाँकी छ भन्छन्। बेला बेलामा दुख्छ,' उनले भने। अस्पतालमै हुँदा प्रकाशका नाममा बाहिर फेक डकुमेन्टहरू बनिरहेको सुन्दा उनी दुःखी भइरहेका छन्। हामी यहाँ हरेक दिन दुखाइ खेपिरहेका छौं। बाहिर भने मेरो नाम बेचिरहेका छन्,' उनको दुखेसो छ।

सोही वार्डमा सारिएका लिजा हामी पुग्दा निदाइरहेकी थिइन्। उहाँ पनि हिजो रातभरि दुखेर सुत्न सक्नुभएको छैन। भर्खर निदाउनुभयो,' प्रकाश सुनाउँदै थिए।

लिजा बीबीए चौथो वर्ष पास आउट थिइन्। विद्यार्थीहरूको आवाज लिएर उनी २३ भदौमा सडकमा ओर्लिएकी थिइन्। दिउँसो २ बजे आमाले फोन गरेर घर बोलाइन्। उनी घर फर्कने तरखरमै थिइन्। त्यही बेला अगाडिपट्टि हेलमेट लगाएकी दिदीसँग कुरा गर्दै थिएँ, कुरा गर्दागर्दै मलाई गोली लागिसकेछ,' उनी आफूले भोगेको कहालीलाग्दो त्यो दृश्य केही साताअघिको कुराकानीमा सम्झिएकी थिइन्। गोलीले उनको कुम नै छेडेको थियो।

जेन-जी आन्दोलनकै अर्का घाइते डडेलधुराका २२ वर्षीय मुकेश अवस्थी पनि हालसम्म ट्रमामै उपचाररत छन्। आन्दोलनका क्रममा देब्रे खुट्टाको घुँडामुनि गोली लागेपछि उनले खुट्टा नै गुमाउनुपरेको छ। मुकेश पछिल्लो समय संसद् भवनमा सब-इन्जिनियरिङ गर्थे। सँगसँगै अस्ट्रेलिया जाने तयारीमा पनि थिए। अब यस्तो हालत भइहाल्यो, जाने अवस्था नै भएन,' मुकेशले उपचारका क्रममा काटिएको आफ्नै खुट्टा हेर्दै केही साताअघि भनेका थिए।

सिन्धुपाल्चोकका २२ वर्षीय अभिषेक श्रेष्ठ पनि अहिलेसम्म ट्रमा अस्पतालमै उपचाररत छन्। अभिषेक पछिल्लो समय विभिन्न वार्ताहरूमा गोली लागेको घाइते खुट्टा लिएरै गइरहेका छन्। उनको दाहिने खुट्टाको घुँडामुनि गोली लागेको थियो। फिलाको मासु झिकेर तल गोली लागेको ठाउँमा राखिएको छ,' अभिषेक घाउ देखाउँदै भन्छन्। डाक्टरहहरूले नजान अनुरोध गर्दागर्दै पनि उनी जेनजी अभियन्ताको छलफल र प्रधानमन्त्री तथा राष्ट्रपतिसँगका वार्ताहरूमा गएका थिए। किनकि त्यहाँ हाम्रो आवाज पनि त सुनिनु पर्छ। सहिद परिवारका आवाज पनि सुनिनुपर्छ भनेर हो। मेरो सहभागिताको त्यहाँ अर्थ हुन सक्छ,' उनी भन्छन्। त्यसरी जाँदा उनको खुट्टामा इन्फेक्सन भएछ।

बाआमाले नजान बिन्ती गर्दागर्दै पनि अभिषेक सडकमा निस्किएका थिए। आन्दोलन हुनुभन्दा तीन दिनअघिसम्म पनि उनलाई जेनजी भन्ने शब्द थाहा थिएन। दुई दिनअघि मात्र शब्दको अर्थ बुझेँ। हाम्रो आन्दोलन हो जानुपर्छ भनेर निस्किएँ। गोली लाग्यो,' उनी भन्छन्। अभिषेक अहिले अस्पतालमा कानुन र संविधानका पुस्तक पढेर समय बिताइरहेका छन्। हामी जेरो पोलिटिक्सबाट आएका मान्छेलाई पुस्तक पढेर धेरै आइडिया हुँदो रहेछ। अहिले अनुभूत गर्छु,' अभिषेक भन्छन्। त्यसैगरी ट्रमामा घाइते सञ्जीव सापकोटा पनि उपचाररत छन्। विराटनगरस्थित नोबेल मेडिकल कलेजमा जेनजी आन्दोलनका घाइतेमध्ये अंकित चौलागाईं हालसम्म उपचाररत छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सोमबारसम्मको तथ्यांकअनुसार देशभर अब १२ जना जेनजी आन्दोलनका घाइते अस्पतालमा उपचाररत छन्। जसमध्ये ट्रमा अस्पतालमा ५, त्रिवि शिक्षण अस्पतालमा ३, केएमसीमा २, बी एन्ड बीमा १ र विराटनगरस्थित नोबेल मेडिकल कलेजमा १ जना उपचाररत छन्।

राष्ट्रियसभा अध्यक्षद्वारा विभिन्न देशका संसदीय प्रतिनिधिसँग भेटवार्ता

काठमाडौँ, ५ कार्तिक। जेनेभामा जारी अन्तर व्यवस्थापिका संघ (IPU) को १५१ अरुरुँ महासभामा सहभागिताका लागि जेनेभामा रहेका राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहालले विभिन्न देशका संसदीय प्रतिनिधि मण्डलसँग द्विपक्षीय भेटवार्ता गरेका छन्। अध्यक्ष दाहालले महासभामा सहभागी हुन आएका संयुक्त अधिराज्य (बेलायत), जनवादी गणतन्त्र चीन र श्रीलङ्काका संसदीय प्रतिनिधि मण्डलसँग छुट्टाछुट्टै भेटवार्ता गरेका हुन्। IPU sf Asia Pacific Group को अध्यक्ष समेत रहेका चिनियाँ नेता छ्युजन टाइन नेतृत्वको चिनियाँ संसदीय प्रतिनिधि मण्डल, फेवेन ह्यामिटन नेतृत्वको बेलायती संसदीय प्रतिनिधि मण्डल र सुनिल वाताग्ला नेतृत्वको श्रीलङ्काको संसदीय प्रतिनिधि मण्डलसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता भएको थियो।

सबै भेटमा राष्ट्रहरूबिचको आपसी सम्बन्ध, संसदीय मैत्री समूहमार्फत् संसदीय अनुभव आदानप्रदान, अन्तर्राष्ट्रिय मञ्चहरूमा सहकार्य र सहयोग लगायतका विषयमा छलफल भएको थियो।

अध्यक्ष दाहालले नेपालमा पछिल्लो समयमा भएको जेनजी आन्दोलन, त्यसबाट उत्पन्न नयाँ राजनीतिक परिवेशमा अन्तरिम सरकार गठन भएको र चुनाव घोषणा भएको जानकारी गराए। उनले तोकिएको समयमै निर्वाचन सम्पन्न गरी लोकतान्त्रिक सुदृढीकरणका लागि नेपाल प्रयत्नशील रहेको बताए। त्यस्तै आन्दोलनका क्रममा क्षति पुगेका संरचनाहरूको पुनर्निमाण र नयाँ निर्वाचनका लागि मित्र राष्ट्रहरूको साथ र सहयोगको लागि अध्यक्ष दाहालले आग्रह गरे। भेटमा अध्यक्ष दाहालले जलवायु परिवर्तनको असर नेपालीले प्रत्यक्ष भोगिरहेको प्रसङ्ग उल्लेख गर्दै विकासोन्मुख देशहरूलाई विश्व समुदायले सहयोग गर्नुपर्नेमा जोड दिए।

बढी भाडा असुल्ने १९ वटा यात्रुवाहक सवारी कारबाहीमा

काठमाडौँ, ५ कार्तिक। तिहारमा उपत्यकाबाट बाहिरिने यात्रुहरूसँग धेरै भाडा असुलेको आरोपमा ट्राफिक प्रहरीले १९ वटा यात्रुवाहक सवारीसाधनलाई कारबाही गरेको छ। मंगलबार चेकजाँच गर्दा धेरै भाडा असुलेको भेटिएपछि १९ वटा यात्रुका चालकलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी नरेश सुवेदीले रातोपाटीलाई बताए।

चाडपर्वको मौका छोपेर तोकिएको भन्दा धेरै भाडा असुलेको थाहा पाएमा ट्राफिक प्रहरीको हटलाइन नम्बर १०३ मा जानकारी गराउन उपत्यका ट्राफिक प्रहरी कार्यालयले आग्रह गरेको छ। बढी भाडा असुल्ने चालकलाई यातायात व्यवस्था ऐन-२०४९ अनुसार कारबाही हुने कानुनी व्यवस्था छ।

८ घण्टा सुते पनि किन थकित महसुस हुन्छ ?

काठमाडौँ, ५ कार्तिक। चिकित्सा क्षेत्रमा शरीरको रिकभरीका लागि दैनिक कम्तीमा ८ घण्टा सुत्नुपर्ने कुरा बारम्बार दोहोऱ्याइन्छ। तर, के ८ घण्टाको निद्रा साँच्चै पर्याप्त छ? किन कसै-कसैलाई यति सुत्दा पनि बिहान उठ्दा थकित महसुस हुन्छ ? यही प्रश्नको जवाफ दिँदै निद्रा चिकित्सा र बाल स्नायु विज्ञानका चिकित्सक डा. क्रिस्टोफर जे एलेनले आफ्नो इन्स्टाग्राम पोस्टमा ८ घण्टाको निद्रा' र उत्कृष्ट निद्रा' बिच तालमेल नहुने बताएका छन्। उनले जोड दिँदै भनेका छन्, तपाईंलाई धेरै सुताइ होइन। तपाईंलाई राम्रो निद्रा चाहिएको छ।"

डाक्टरका अनुसार, यदि तपाईं पर्याप्त सुते पनि अझै थकित महसुस गर्नुहुन्छ, बिहान उठ्दा सुक्खा मुख वा टाउको दुख्ने जस्ता समस्या हुन्छन् भने निद्राको गुणस्तरमा समस्या छ। निद्राको अवधि (७ देखि ९ घण्टा) महत्त्वपूर्ण भए पनि, निद्राको गुणस्तर त्योभन्दा कम महत्त्वपूर्ण छैन। पत्ता नलागेका निद्रा सम्बन्धी विकारहरूले पनि तपाईंको आराममा बाधा पुऱ्याउन सक्छन्।

समस्या समाधानका लागि दुई उपायः

निद्रा विशेषज्ञ डा. एलेनले समस्याको जरो पत्ता लगाउन दुईवटा कदम चाल्न सुझाव दिएका छन्:

१. आफ्नो बेड पार्टनरसँग कुरा गर्नेः सुत्ने बेलामा तपाईं घुर्नुहुन्छ वा श्वासप्रश्वासमा अवरोध आउँछ कि भनेर आफ्नो पार्टनरलाई सोध्नुहोस्।

२. निद्रा विशेषज्ञलाई भेट्नेः तपाईंको निद्राको गुणस्तर किन खराब छ भनी पत्ता लगाउन र कुनै स्लिप डिस्अर्डर छ/छैन भनी सुनिश्चित गर्न विशेषज्ञलाई भेट्नुहोस्। यसले तपाईंलाई बिहान उठ्दा स्फूर्ति महसुस गराउन मद्दत गर्छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)